# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**

बेलबारी, मोरङ
BELBARI, MORANG
१ नं प्रदेश, नेपाल
(PROVINCE – 1, NEPAL)

☎ 021-434259
021-434213

प.स. : २०७८।०७९
च.नं. : 8566

मितिः २०७९।०३।३१

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं प्रदेश, नेपाल

## सामाजिक सुरक्षा लाभग्राहीहरुले नाम नविकरण गराउने सम्बन्धि अत्यन्त जरुरीसुचना

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद २ को दफा ४ ले व्यवस्था गरे अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आ.व. मा पनि भत्ता प्राप्त गर्न चाहेमा सामाजिक सुरक्षा नियमावलि २०७६ को नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा गइ नविकरण गर्नुपर्ने व्यवस्था भएकोले सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा स्वयम उपस्थित भई नाम नविकरण गराउनुहुन सुचित गरिन्छ। (अपाङ्गता भएका लाभग्राहीहरुको हकमा नियमानुसार हुनेछ)

<u>पुनश्चः</u>

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम १६ को उपनियम १२ अनुसार आ.व. २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सामजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा भुक्तानि गर्नुपर्ने हुँदा भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको मात्र प्रथम त्रैमासिक भत्ता समयमा निकासा हुने व्यहोरा समेत जानकारी गराईन्छ।

३१

महेन्द्र खड्का
अधिकृत स्तर आठौं

(सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ अनुसूची २)

मितिः- २०७९।   ।

विषयः- परिचयपत्र नविकरण सम्बन्धमा ।

श्री अध्यक्षज्यू,
............. वडा कार्यालय,
बेलबारी नगरपालिका,
मोरङ ।

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलबारी, मोरङ १ नं. प्रदेश, नेपाल

प्रस्तुत विषयमा चालु आ.व.२०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु ।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन । व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

६० वर्ष भन्दा मुनिका विधुवा महिला लाभग्राहीहरुको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानुनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नै छ।

लाभग्राहीको विवरण

| | | | |
|---|---|---|---|
| नाम थर | | लिङ्ग | पुरुष / महिला / अन्य |
| लक्षित समुह | | सामाजिक सुरक्षा परिचय पत्र नं. | |
| राष्ट्रिय परिचयपत्र नं. | | मोबाइल नं. | |
| ना.प्र.नं. | | मिति | |

संलग्न कागजातहरु :-

१. नेपाली नागरिकताको प्रतिलिपी
२. सामाजिक सुरक्षा परिचय पत्रको प्रतिलिपी (सक्कल साथै हुनुपर्नेछ)
३. पतिको मृत्यु दर्ताको प्रतिलिपी (एकल/विधवा महिलाहरुका लागि)
४. अविवाहिताको प्रमाण पत्र (एकल महिलाको हकमा)
५. अर्को विवाह नगरेको प्रमाणित (विधवा महिलाहरुका लागि)
६. विपन्न प्रमाणित (विधवा महिलाहरुका लागि)
७. अपाङ्गता परिचय पत्रको प्रतिलिपी (अपाङ्गता व्यक्तिहरुका लागि)
८. जन्मदर्ताको प्रतिलिपी (नाबालक अपाङ्ग/दलित बालबालिकाहरुका लागि)
९. लाभाग्राहीको पासपोर्ट साइजको फोट्टो

| | | |
|---|---|---|
| लाभग्राहीको दस्तखत | | |
| लाभग्राहीको औठाछाँप | | |